धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४३ ◆ २०८३ असार १५ गते सोमबार, Monday, June 29, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/–

## ट्राफिक कारबाहीमा पाँच लाख ११ हजार राजस्व

काठमाडौँ। बितेका २४ घण्टामा एक हजार ९२२ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु पाँच लाख ११ हजार ५०१ राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेको ९२, नियमविपरीत 'राइड सेयरिङ' गरेका ७८, सङ्केत बत्ती उल्लङ्घनकर्ता १२९ र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका १३९ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ४१, निषेधित क्षेत्रमा हर्न बजाउने ६७, कालो सिसायुक्त सवारीसाधन सञ्चालन गर्ने १०, एकतर्फी सडकमा सवारीसाधन चलाउने ७० र अन्य सवारी नियम पालना नगरेका एक हजार २९६ जनालाई कारबाही गरिएको हो ।

## प्रधानमन्त्रीले आफ्नो अभिव्यक्तिबारे संसदमा स्पष्ट पार्नुपर्ने विपक्षीको माग

काठमाडौँ । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित विपक्षी दलहरुले मुलुकको सीमा सम्बन्धमा प्रधानमन्त्री वालेन्द्र शाहले दिनुभएको अभिव्यक्तिबारे सदनमै पुनः स्पष्ट पार्नुपर्ने माग गरेका छन् ।

सभाको आइतबारको बैठकको प्रारम्भमा विपक्षी दलका सांसद आफ्ना आसनबाट उठेपछि सभामुख डोलप्रसाद अर्यालले उहाँहरुलाई आफ्ना धारणा सदनमा प्रस्तुत गर्न समय दिनुभएको थियो ।

नेपाली कांग्रेसका रेनुका काउँचाले प्रधानमन्त्रीले संसद्मा स्पष्ट पार्नुपर्ने विषयहरु पार्टीको महाधिवेशनमा प्रस्तुत हुनुले सदनको गरिमा घटाएको आरोप लगाउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का डा पुष्पराज कँडेलले पनि प्रधानमन्त्री संसद्मा उपस्थित हुनुपर्नेमा जोड दिँदै सीमासम्बन्धी अभिव्यक्ति स्पष्ट पार्नुपर्ने बताउनुभयो । उहाँले नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई सरकारले पूर्वाग्रही भएर पक्राउ गरेको आरोप लगाउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद युवराज दुलालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण गर्नेतर्फ सरकारका प्रयास परिलक्षित हुनुपर्नेमा जोड दिनुभयो। उहाँले प्रदेशसभा खारेज गरी सङ्घीयताको पुनःसंरचना गर्ने सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रस्तावप्रति विमति जनाउनुभयो । श्रम संस्कृति पार्टीका आरेन राईले राष्ट्रियता सँग सम्बन्धित विषयमा प्रधानमन्त्रीले सदनमा उपस्थित भएर स्पष्ट पार्नुपर्ने माग गर्नुभयो ।

## मौरिस हर्जोग पदमार्गको हुमखोलामा झोलुङ्गे पुल

म्याग्दी। नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्ग अर्न्तगत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ स्थित हुमखोलामा झोलुङ्गे पुल निर्माण भएको छ ।

अन्नपूर्ण गाउँपालिकाले निर्माण गरेको ५७ मिटर लामो झोलुङ्गे पुलबाट स्थानीयका साथै मौरिस हर्जोग पदमार्ग भ्रमणमा आउने पर्यटक लाभान्वित भएका छन् । अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले नयाँ पुल निर्माण भएपछि काठको फल्याक राखिएको, हल्लिने पुलमा जोखिम मोलेर अन्नपूर्ण खोला वारपार गर्नुपर्ने समस्या अन्त्य भएको बताउनुभयो ।

"यसअघि एक पटकमा एकदेखि दुई जना मात्र पालो गरेर खोला तर्नुपर्ने समस्या थियो", उपाध्यक्ष पुनले भन्नुभयो, "झोलुङ्गे पुल बनेपछि पदयात्री, पर्यटक र स्थानीयवासीलाई आलोपालो गरेर खोला तर्नुपर्ने बाध्यता हटेको छ ।"

पर्यटकबाहेक नारच्याङका ५४९ परिवार पुल बनेपछि प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । पुल निर्माणका लागि एक हजार २२१ जनालाई प्रत्यक्ष रोजगारी सिर्जना भएको उहाँले जानकारी दिनुभयो ।

सङ्घीय सरकारले रु १३ लाख ८२ हजार ७९५ ससर्त अनुदान र रु एक लाख ८९ हजार ६९३ बराबरको निर्माण सामग्रीसहित अन्नपूर्ण गाउँपालिकाले रु १३ लाख ७४ हजार ४०० अनुदान र उपभोक्ताले रु ७३ लाख ८८० बराबरको श्रमदान गरेका अन्नपूर्ण गाउँपालिकाका सबइञ्जिनियर बालकृष्ण पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार गैरसरकारी संस्था मिलन म्याग्दीको प्राविधिक र सामाजिक परिचालन सहयोगमा पुल निर्माण भएको हो । पदमार्गका अन्य ठाउँमा पनि झोलुङ्गे पुल बनाउन सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिएको गाउँपालिकाका उपाध्यक्ष पुनले बताउनुभयो । नारच्याङबाट दुई घण्टा सवारीमार्फत यात्रा गरेपछि पुगिने हुमखोलाबाट अन्नपूर्ण आधार शिविरको पदयात्रा सुरु हुन्छ। अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दूर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ। दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ। नीलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ। आधार शिविर मुनि समुन्द्री सतहबाट चार हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल पर्दछ। एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर बनेको प्राकृतिक हिमताल हो। अन्नपूर्ण हिमाल र पञ्चकुण्ड काललाई एकै पटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको मुख्य विशेषता भएको मौरिस हर्जोग पदमार्गका अभियन्ता तेज गुरुङले बताउनुभयो ।

# जलवायुमैत्री प्रविधिबाट धानमा आत्मनिर्भर बन्ने लक्ष्यसहित आज २३औँ राष्ट्रिय धान दिवस मनाइँदै

❑ *प्रत्यूष समाचारदाता*

ललितपुर । 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नारासहित सरकारले यस वर्ष २३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव-२०८३ विविध कार्यक्रमका साथ मनाउने भएको छ ।

जलवायु परिवर्तनका चुनौतीबीच धान उत्पादन वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षालाई सुदृढ बनाउने उद्देश्यका साथ दिवस मनाउन लागिएको कृषि विभागले जनाएको छ ।

कृषि विभागले विसं २०६१ देखि मनाउन थालिएको राष्ट्रिय धान दिवसको २३औँ संस्करण असार १५ गते आज ( असार १५ गते सोमबार) देशभर प्रदेश र स्थानीय तहमा विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गर्दै धान दिवस मनाउन आग्रह गरेको छ ।

कृषि विभागका महानिर्देशक तथा २३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मूल समारोह समितिका अध्यक्ष समेत रहेका प्रकाशकुमार सन्जेलले धान दिवसले खाद्य तथा पोषण सुरक्षामा धानको महत्त्व तथा धान प्रवर्द्धनमा सरकारका प्रयासलाई आम नागरिकसम्म पुर्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै दिवसलाई सफल बनाउन सबै सरोकारवाला तथा सञ्चारमाध्यमलाई सक्रिय सहभागिताका लागि अनुरोध समेत गर्नुभएको छ ।

महानिर्देशक सन्जेलको यही असार १५ गते सोमबार नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटारमा विशेष समारोहका साथ मनाइने कार्यक्रम रहेको छ ।

यसका साथै समारोहमा धान उत्पादन, अनुसन्धान तथा प्रवर्द्धनमा योगदान पुऱ्याएका कृषक, वैज्ञानिक, उद्यमी र पत्रकारलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

कृषि विभागका अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धान खेतीमा संलग्न छन् भने कुल खेतीयोग्य जमिनको ५४ प्रतिशत क्षेत्रमा धान खेती हुने गरेको छ । कृषि क्षेत्रको कुल गाहस्थ्य उत्पादनमा धानको करिब १३ प्रतिशत तथा कुल खाद्यान्न उत्पादनमा ५० प्रतिशत योगदान रहेको उल्लेख गरिएको छ ।

पछिल्ला पाँच वर्षमा धानको उत्पादकत्व प्रतिहेक्टर ३.८० मेट्रिकटनबाट बढेर ४.१९ मेट्रिकटन पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफलमा खेती गरी ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन धान उत्पादन भएको विभागले जनाएको छ । यद्यपि, देशलाई वार्षिक करिब ७० लाख मेट्रिकटन धान आवश्यक पर्ने भएकाले हाल पनि करिब १० लाख मेट्रिकटन धान अपुग रहेको उल्लेख गरेको छ ।

जलवायु परिवर्तनका कारण हुने सुक्खा, बाढी तथा डुबानजस्ता प्राकृतिक विपद्ले धान उत्पादनमा चुनौती थपिरहेको जनाउँदै सरकारले जलवायु अनुकूल कृषि प्रविधिको अनुसन्धान, विकास र विस्तारलाई प्राथमिकता दिएको जनाएको छ । नेपाल कृषि अनुसन्धान परिषद्ले सुक्खा र डुबान दुवै सहन सक्ने धानका उन्नत जात विकास गरी किसानस्तरमा प्रवर्द्धन गरिरहेको पनि विभागले जानकारी दिएको छ ।

## आरोही फुञ्जो बनिन् पर्यटन सद्भावना दूत

❑ *प्रत्यूष समाचारदाता*

गोरखा । कीर्तिमानी आरोही फुञ्जो झाङ्मु लामालाई चुमनुब्री गाउँपालिकाले पालिकाको पर्यटन सद्भावना दूत घोषणा गरेको छ ।

सर्वोच्च शिखर सगरमाथा सबैभन्दा छोटो समयमा आरोहण गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्ड कायम गरेकी लामालाई हालै सम्पन्न गाउँ सभाले पर्यटन सद्भावना दूत घोषणा गरेको गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो । सो पालिकाले यो वर्षलाई मनास्लु हिमालको सफल आरोहणको ७०औँ वर्ष पूरा भएको अवसरमा हिरक वर्षका रूपमा मनाइरहेको छ । सोही अवसरमा गाउँपालिकाको गाउँसभाले फुञ्जोको नाम पर्यटन सद्भावना दूतका रूपमा सर्वसम्मत अनुमोदन गरेको लामाले बताउनुभयो । "हाम्रो राष्ट्रको गहनाका रूपमा रहेकी फुञ्जोलाई पर्यटन सद्भावना दूत नियुक्त गरेका छौँ", उहाँले भन्नुभयो ।

लामाका अनुसार विश्वभर ख्याति कमाएकी फुञ्जोले सद्भावना दूतका रूपमा मनास्लु क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नेछिन् । आफ्नो जन्मभूमिले दिएको यो सम्मानप्रति कृतज्ञता प्रकट गर्दै फुञ्जोले भन्नुभयो, "यो मेरा लागि ठूलो सम्मान हो र यस क्षेत्रलाई विश्वभर प्रवर्द्धन गर्न म कुनै कसर बाँकी राख्ने छैन ।"

विश्वको आठौँ अग्लो शिखर मनास्लुका अतिरिक्त चुमनुब्रीको आफ्नै अद्वितीय परम्परा छ। अहिंसा क्षेत्र घोषणा भएको १०५ वर्ष पूरा गरेको चुमनुब्रीले अहिंसा क्षेत्रमा जैविक विविधताको पहिचान, निरन्तरता, प्रचारप्रसार र संरक्षणमा योगदान पुर्याउने उद्देश्यले 'श्याग्या परम्परा संरक्षण ऐन, २०८०' (२०२३) समेत जारी गरेको थियो ।

स्वीस आल्प्स र नेपालको हिमालय क्षेत्रमा तालिमप्राप्त गरेकी फुञ्जोले १४ घण्टाभन्दा कम समयमा विश्वको सर्वोच्च शिखर आरोहण गर्दै सबैभन्दा छिटो आरोहण गर्ने महिलाका रूपमा विश्व कीर्तिमान कायम गरेकी थिइन् । सन् २०२४ मा उनले बेसक्याम्प (आधार शिविर)बाट १४ घण्टा ३१ मिनेटमा सगरमाथाको शिखर चुमेकी थिइन्। चुमनुब्री-७ छोकाङपागाउँमा जन्मेकी फुञ्जोले सगरमाथा, ल्होत्से, मनास्लु, चो ओयुका साथै आमादबलाम, लोबुचे र डेनालीलगायतका अन्य हिमालहरूको सफल आरोहण गरिसकेकी छन्।

## मर्स्याङ्दीका स्थानीयलाई निःशुल्क बिजुली

लमजुङ। सङ्घीय सरकारले आगामी आर्थिक वर्षदेखि १०० युनिटमाथि पाँच प्रतिशत विद्युत्मा कर लगाउने तयारी गरेका बेला यहाँ मनाङ जिल्लासँग सिमाना जोडिएको लमजुङको मर्स्याङ्दी गाउँपालिकाले भने स्थानीयलाई मासिक निःशुल्क बिजुली उपलब्ध गराउने भएको छ ।

मर्स्याङ्दी गाउँपालिकाले पालिकाका स्थानीयलाई आगामी आवदेखि प्रत्येक घरलाई मासिक ५० युनिटसम्म विद्युत् निःशुल्क दिने भएको हो। मर्स्याङ्दीले आगामी आवको नीति तथा कार्यक्रममा प्रत्येक घरलाई ५० युनिट विद्युत् निःशुल्क प्रस्ताव गरेर २१औँ गाउँसभाले पारित गर्दै लागू गर्न लागेको गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले आगामी आवको नीति तथा कार्यक्रममा 'जलविद्युतको आम्दानी, उज्यालो मर्स्याङ्दीमा लगानी' कार्यक्रमअन्तर्गत उपभोक्ताले मासिक ५० युनिटसम्मको विद्युत् महसुल निःशुल्क पाउने व्यवस्था गरेको हो। यसका लागि गाउँसभा बाट रु ५५ लाख बजेट विनियोजन गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । गाउँपालिकाका अनुसार पालिकाका नौवटै वडामा गरी चार हजार ४०९ घरपरिवार रहेका छन् । गाउँपालिकाले आगामी आवमा विद्युत् रोयल्टीबाट करिब रु चार करोड आम्दानी हुने अनुमान गरेको छ । पालिकाभित्रका हाइड्रोपावरबाट आएको रोयल्टीमध्येबाट उक्त युनिटसम्मको बिजुली गाउँपालिकाले बिजुली महसुल तिर्ने व्यवस्था गरेको प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले जानकारी दिनुभयो।

यस गाउँपालिकाभित्र ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए', ३० मेगावाटको न्यादी जलविद्युत् आयोजना सहित आठवटा विभिन्न आयोजनाबाट करिब १०० मेगावाट विद्युत् उत्पादन भइरहेको छ। बैँसीसहर नगरपालिकासँग जोडिनेगरी ५० मेगावाटको मर्स्याङ्दीबैँसी जलविद्युत लगायतका आयोजना निर्माणाधीन अवस्थामा छन् । उत्पादन बढेसँगै गाउँपालिकाको रोयल्टी आम्दानी पनि बढ्ने गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष गुरुङका स्वकीयसचिव तथा स्थानीय प्रदीप गुरुङले गाउँपालिकाले लागू गर्न लागेको स्थानीयलाई निःशुल्क ५० युनिटसम्मको बिजुली गाउँपालिकाका ९० प्रतिशत नागरिकले सो युनिटभन्दा पनि कम बिजुली बाल्ने गरेको बताउनुभयो । पालिकामा अधिकांश ग्रामीण क्षेत्र रहेकाले उद्योगधन्दा न्यून छ ।

## सम्पादकीय ....

### बजेटमा सोच्नुपर्ने

भर्खरैमात्र सरकारले ल्याएको नयाँ बजेटले गणित, विज्ञान र कृत्रिम बौद्धिकता (एआई) लाई प्राथमिकता दिएको छ । एआई अनुसन्धान तथा अन्तर्राष्ट्रियस्तरमा कार्यरत नेपालीविज्ञलाई नेपाल फर्काएर अनुसन्धानमा संलग्न गराउने नीति पनि समावेश गरिएको छ । सूचना प्रविधि र डिजिटल अर्थतन्त्रको सम्भावना बढिरहेको अवस्थामा यो सोच सकारात्मक हो । विद्यालय तहमा गणित र विज्ञानको सिकाइ उपलब्धि कमजोर छ । दुर्गम क्षेत्रमा दक्ष शिक्षकको अभाव छ । आधारभूत गुणस्तर सुधार र शिक्षक तयारीबिना एआईसम्बन्धी लक्ष्य हासिल गर्न कठिन हुन सक्छ ।

विद्यालय नक्साङ्कन, पूर्वाधार परीक्षण, शिक्षक क्षमता परीक्षण तथा कृत्रिम बौद्धिकता (एआई) र शैक्षिक प्रविधिसम्बन्धी तयारी मूल्याङ्कन गर्ने व्यवस्था छ । विद्यार्थी, शिक्षक र पूर्वाधारको असन्तुलित वितरण र विद्यालय नक्साङ्कन महत्वपूर्ण कदम हो। यस्ता कार्यक्रम विगतमा घोषणा भए पनि कार्यान्वयन कमजोर रहँदै आएको अनुभव छ । सुधार घोषणाभन्दा पनि कार्यान्वयनको इच्छाशक्तिमा निर्भर रहने छ। विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको दक्षता सबैभन्दा महत्वपूर्ण पक्ष भए पनि त्यसमा आमूल परिवर्तन ल्याउन सक्ने ठोस कार्यक्रम देखिँदैन ।

बजेटले विद्यालयदेखि उच्च शिक्षासम्म लक्षित समूहका छात्रवृत्तिलाई निरन्तरता दिएको छ । मानव विकास सूचकाङ्कमा पछाडि परेका समुदायका लागि आवासीय विद्यालय सञ्चालन गर्ने तथा अटिजम भएका बालबालिकाका लागि पूर्वाधारसहितका नमुना विद्यालय स्थापना गर्ने कार्यक्रम सकारात्मक छन्। यस्ता कार्यक्रम विशेष गरी सुदूरपश्चिम जस्ता दुर्गम क्षेत्रका लागि उपयोगी हुन सक्छन् । कुन क्षेत्रमा कस्ता कार्यक्रम सञ्चालन हुने भन्ने स्पष्ट छैन। यसको प्रभाव स्थानीय तहको कार्यान्वयन क्षमतामा निर्भर रहने छ ।

नवप्रवर्तन र ज्ञान उत्पादनको केन्द्रका रूपमा विकास गर्ने नीति लिएको छ। विश्वविद्यालयलाई शैक्षिक, प्रशासनिक तथा वित्तीय स्वायत्तता दिने तथा विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि चार अर्ब विनियोजन गरिएको छ। अन्तर्राष्ट्रियस्तरमा कार्यरत नेपाली एआई अनुसन्धानकर्तालाई नेपालमा अनुसन्धानका लागि आकर्षित गर्ने कार्यक्रम पनि सकारात्मक छ। यद्यपि बजेट विनियोजन मात्र पर्याप्त हुँदैन। विश्वविद्यालयमा गुणस्तरीय जनशक्ति, पेसागत विकास, अनुसन्धान पूर्वाधार तथा अनुसन्धानको उपयोगिता अझ महत्वपूर्ण हुन्छ। नेपालको उच्च शिक्षाप्रणाली अझै प्रमाणपत्रमुखी छ। अनुसन्धान तथा उत्पादनबिचको सम्बन्ध कमजोर छ। स्थानीय ज्ञान र क्षेत्रीय आवश्यकतामा आधारित अनुसन्धानलाई प्रोत्साहन गर्न विशेष अनुसन्धान कोष आवश्यक भए पनि त्यस्तो व्यवस्था स्पष्ट रूपमा देखिँदैन । शिक्षाको आधार नै बालविकास हो । प्रारम्भिक वर्षमा गरिएको लगानीले दीर्घकालीन सामाजिक र आर्थिक प्रतिफल दिने विभिन्न अध्ययनले देखाएका छन्। बजेटमा पूर्वप्राथमिक शिक्षालाई छुट्टै प्राथमिकतासाथ प्रस्तुत गरिएको पाइँदैन। विशेष गरी सुदूरपश्चिमका ग्रामीण र हिमाली क्षेत्रमा धेरै बालविकास केन्द्र न्यून स्रोतसाधनमा सञ्चालन भइरहेका छन् । बालमैत्री वातावरण, प्रशिक्षित सहजकर्ता र पोषणयुक्त सेवा सुनिश्चित गर्न थप लगानी आवश्यक छ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।



प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## मधेष सरकारकै कारण प्रदेश धापमा

प्रेमचन्द्र झा

नेपालमा संघीयता केवल शासन प्रणालीको परिवर्तन थिएन । यो दशकौं लामो राजनीतिक संघर्ष, समावेशी राज्य निर्माणको आकांक्षा र अधिकारको खोजीबाट प्राप्त उपलब्धि थियो। संघीय व्यवस्थाले केन्द्रमा केन्द्रित शक्ति, स्रोत र निर्णय प्रक्रियालाई प्रदेश तथा स्थानीय तहसम्म पुऱ्याउने विश्वास जगाएको थियो ।

विशेष गरी मधेसका लागि संघीयता प्रशासनिक संरचनाको विषय मात्र थिएन; यो सम्मान, पहिचान, प्रतिनिधित्व र अवसरको प्रश्नसँग जोडिएको थियो ।

मधेस आन्दोलनका क्रममा सडकमा उत्रिएका हजारौं युवाको सपना थियो–अब विकासका योजना स्थानीय आवश्यकताका आधारमा बन्नेछन्, जनताको आवाज निर्णय प्रक्रियामा सुनिनेछ र राज्यका स्रोतहरू केही सीमित वर्गको नियन्त्रणबाट बाहिर आएर आम नागरिकको जीवनस्तर सुधारका लागि प्रयोग हुनेछन् ।

तर संघीयताको अभ्यास सुरु भएको करिब एक दशकपछि मधेसका गाउँ, बस्ती र शहरमा एउटा गहिरो निराशा देखिन थालेको छ । चिया पसलदेखि सार्वजनिक बहससम्म एउटा प्रश्न बारम्बार उठ्ने गरेको छ–के संघीयताले जनताको जीवन परिवर्तन गऱ्यो, वा केवल केही सीमित व्यक्तिहरूको जीवनशैली मात्र परिवर्तन गऱ्यो? यो प्रश्न संघीयताको सिद्धान्तमाथि होइन, त्यसको कार्यान्वयनमाथि उठेको प्रश्न हो ।

मधेसका धेरै नागरिकहरूलाई पछिल्ले समय यो लाग्न थालेको छ कि शासनको केन्द्र मात्र सरेको हो, शासकीय प्रवृत्ति भने धेरै हदसम्म उस्तै छ। पहिले सिंहदरबारतर्फ हेरिन्थ्यो, अहिले प्रदेश सरकारतर्फ हेरिन्छ । तर जनताको आधारभूत समस्या, अपेक्षा र आवश्यकता अझै पनि प्राथमिकतामा पर्न सकेको अनुभूति व्यापक रूपमा देखिन्छ। प्रदेश सरकारका वार्षिक बजेट, रेडबुकमा योजना समावेश गर्ने प्रक्रिया, ठेक्का व्यवस्थापन, उपभोक्ता समिति गठन र विकास कार्यक्रमको कार्यान्वयनलाई लिएर जनस्तरमा अनेक प्रश्न उठिरहेका छन्। धेरै नागरिकहरूमा योजना आवश्यकता र प्राथमिकताका आधारमा नभई पहुँच, प्रभाव र राजनीतिक निकटताका आधारमा छनोट हुने गरेको धारणा बलियो बन्दै गएको छ । यस्तो धारणा केवल प्रशासनिक कमजोरीको संकेत होइन, लोकतान्त्रिक प्रणालीप्रतिको विश्वास कमजोर बन्न थालेको संकेत पनि हो ।

आज मधेसका विभिन्न जिल्लामा एउटा कटु व्यंग्य सुन्न पाइन्छ–"कामभन्दा बिल निकासा ठूलो ।" यो वाक्य केवल आक्रोशको अभिव्यक्ति होइन; सुशासनप्रति जनताको घट्दो विश्वासको प्रतिबिम्ब हो । विकासको कुनै पनि योजनाको मूल्यांकन त्यसले जनताको जीवनमा ल्याएको परिवर्तनका आधारमा हुनुपर्छ । तर जब विकासभन्दा बढी कमिसन, प्रतिशत, भागबण्डा र शक्ति सन्तुलनको चर्चा हुन थाल्छ, तब विकासको वास्तविक उद्देश्य ओझेलमा पर्न थाल्छ ।

जनताले सडकको अवस्था देखिरहेका छन्। अस्पतालको अवस्था देखिरहेका छन् । विद्यालयको गुणस्तर, कृषि क्षेत्रका समस्या, बेरोजगारी र आधारभूत सेवाको अभाव देखिरहेका छन्। अर्कोतर्फ राजनीतिक नेतृत्व र शक्तिशाली वर्गको जीवनशैलीमा आएको परिवर्तन पनि उनीहरूले नियालिरहेका छन् । यही अन्तरले जनताको मनमा प्रश्न जन्माइरहेको छ–यदि विकासका नाममा अर्बौं रुपैयाँ खर्च भएको हो भने त्यसको प्रतिफल कहाँ छ ? किन जनताको दैनिक जीवनमा त्यसको प्रभाव देखिँदैन ?

प्रदेश सरकारको रेडबुक विकासको मार्गचित्र हुनुपर्ने हो। यसले प्रदेशको दीर्घकालीन आवश्यकता, क्षेत्रीय सन्तुलन, सामाजिक न्याय र आर्थिक समृद्धिको दिशा निर्धारण गर्नुपर्ने हो । तर यदि जनताले रेडबुकलाई आवश्यकताभन्दा पहुँचको दस्तावेजका रूपमा बुझ्न थाले भने त्यो लोकतान्त्रिक शासनका लागि चिन्ताजनक अवस्था हो । कुनै गाउँमा वर्षौंदेखि सडकको आवश्यकता रहँदा पनि योजना नपर्नु, स्वास्थ्य संस्थामा उपकरण अभाव रहनु, विद्यालयमा शिक्षकको कमी हुनु तर प्रभावशाली क्षेत्रहरूमा साना-साना योजनाको बाढी आउनु जस्ता उदाहरणहरूले जनतामा असन्तुष्टि बढाइरहेका छन् । विकास योजना कुनै नेता वा दलको कृपाबाट प्राप्त हुने सुविधा होइन; त्यो जनताको अधिकार हो ।

स्थानीय सहभागिता बढाउने उद्देश्यले ल्याइएको उपभोक्ता समिति प्रणालीप्रति पनि विभिन्न प्रश्न उठिरहेका छन् । यसको मूल भावना जनसहभागिता र स्थानीय स्वामित्व थियो। तर व्यवहारमा कतिपय ठाउँमा उपभोक्ता समिति राजनीतिक प्रभाव, भागबण्डा र आर्थिक स्वार्थसँग जोडिएको आरोप लाग्ने गरेको छ ।

आरोपहरू सत्य वा असत्य जे भए पनि यस्ता गुनासाहरूको निष्पक्ष छानबिन र पारदर्शी व्यवस्थापन आवश्यक छ। जनताको विश्वास कायम राख्नका लागि सार्वजनिक स्रोतको प्रयोगबारे स्पष्ट उत्तरदायित्व अनिवार्य हुन्छ ।

प्रदेश सरकारका मन्त्रीहरू र जनप्रतिनिधिहरू जनताको अपेक्षाको केन्द्रमा हुन्छन्। उनीहरूको पहिलो जिम्मेवारी जनताको समस्या बुझ्नु र समाधान खोज्नु हो । तर मधेसका किसानले समयमै मल पाए कि पाएनन्, स्वास्थ्य संस्थामा औषधि उपलब्ध छ कि छैन, बेरोजगार युवाका लागि के अवसर सिर्जना भए, शिक्षा क्षेत्रको गुणस्तर कति सुधारियो, दलित, महिला, गरिब र सीमान्तकृत समुदायको जीवनमा कस्तो परिवर्तन आयो भन्ने प्रश्नहरू अझै पनि अनुत्तरित जस्ता देखिन्छन् । जनप्रतिनिधित्व केवल पद धारण गर्नु होइन; त्यो जनताप्रति उत्तरदायित्व वहन गर्नु पनि हो ।

लोकतन्त्रमा सुशासनका निकायहरू जनविश्वासका आधारस्तम्भ हुन्। जब अनियमितता, भ्रष्टाचार वा शक्ति दुरुपयोगका आरोप उठ्छन्, तब निष्पक्ष अनुसन्धान र कानुनी प्रक्रिया नै लोकतान्त्रिक प्रणालीको बलियो आधार बन्छ । कानुन साना कर्मचारीदेखि उच्च पदाधिकारीसम्म सबैका लागि समान रूपमा लागू हुनुपर्छ। यही सुशासनको मूल मर्म हो। यदि जनताले निगरानी र अनुसन्धान गर्ने निकायहरू प्रभावकारी छैनन् भन्ने महसुस गर्न थाले भने राज्यप्रतिको विश्वास कमजोर हुन सक्छ ।

मधेसको आम नागरिक अहिलेको समयमा पनि शिक्षा, स्वास्थ्य, रोजगार, कृषि, उद्योग र पूर्वाधारका आधारभूत समस्यासँग जुधिरहेको छ। लाखौं युवा वैदेशिक रोजगारीमा छन् । किसान प्राकृतिक विपत्ति र बजार समस्याबाट पीडित छन्। उद्योग र व्यवसाय क्षेत्र विभिन्न चुनौतीसँग संघर्षरत छ । यस्तो अवस्थामा जब जनताले राज्यको ठूलो हिस्सा प्रशासनिक खर्च, सुविधा र विवादास्पद योजनामा खर्च भएको देख्छन्, तब उनीहरूको निराशा स्वाभाविक रूपमा बढ्छ। तर यसलाई संघीयताको असफलता भन्नु अघि एउटा गम्भीर प्रश्न सोध्न आवश्यक छ–असफल व्यवस्था हो कि त्यसलाई सञ्चालन गर्ने नेतृत्व? संघीयता एउटा संरचना हो। त्यसलाई सफल वा असफल बनाउने काम नेतृत्व, नीति, प्रशासन र नागरिक उत्तरदायित्वले गर्छ । सक्षम नेतृत्वले संघीयतालाई विकास र समृद्धिको माध्यम बनाउन सक्छ भने कमजोर नेतृत्वले कुनै पनि राम्रो व्यवस्थालाई बदनाम बनाउन सक्छ ।

आज जनताले सरल तर महत्वपूर्ण प्रश्न सोधिरहेका छन् । प्रदेश स्थापना भएपछि शिक्षा क्षेत्रमा कस्तो सुधार भयो ? स्वास्थ्य सेवा कति सुदृढ भयो? कति रोजगारी सिर्जना भए ? कृषि उत्पादन कति बढ्यो ? सेवा प्रवाह कति सहज भयो ? भ्रष्टाचार नियन्त्रणमा कति प्रगति भयो ? यी प्रश्नहरूको उत्तर भाषण, नाराबाजी वा राजनीतिक आरोप-प्रत्यारोपबाट होइन, तथ्य, परिणाम र उपलब्धिबाट दिनुपर्छ ।

संघीयता कुनै दल, नेता वा समूहको निजी सम्पत्ति होइन । यो नेपाली जनताको साझा राजनीतिक उपलब्धि हो । यसको सफलता वा असफलताले देशको भविष्य निर्धारण गर्नेछ । तर संघीयताको रक्षा नाराले होइन, सुशासनले गर्छ । जनताको विश्वास आश्वासनले होइन, परिणामले जितिन्छ । विकासको अर्थ बजेट खर्च गर्नु मात्र होइन; जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु हो ।

यदि योजना छनोट पारदर्शी भएन, सार्वजनिक स्रोतको उपयोग उत्तरदायी भएन, सुशासन संस्थागत भएन र जनप्रतिनिधिहरू जनताप्रति जवाफदेही बन्न सकेनन् भने संघीयतामाथिको जनविश्वास क्रमशः कमजोर हुँदै जानेछ । तर यदि प्रदेश सरकारहरूले पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी कार्यशैलीलाई प्राथमिकता दिए भने संघीयताको औचित्य झन् बलियो बन्नेछ ।

आज मधेसबाट उठिरहेको आवाज संघीयताको अन्त्यको माग होइन। त्यो सुशासनको माग हो । त्यो न्यायपूर्ण विकासको माग हो । त्यो उत्तरदायित्वको माग हो । त्यो जनताले आफ्ना प्रतिनिधिसँग मागेको हिसाब-किताब हो। जनताको पसिनाबाट संकलित बजेट जनताकै हितमा खर्च हुनुपर्छ। पद जनसेवाको माध्यम बन्नुपर्छ, व्यक्तिगत समृद्धिको साधन होइन । जबसम्म यो चेतना व्यवहारमा रूपान्तरण हुँदैन, तबसम्म संघीयताको सपना अधुरै रहनेछ ।

संघीयताको वास्तविक परीक्षा संविधानका पानामा होइन, जनताको जीवनमा हुन्छ। र आज मधेसका नागरिकहरूले आफ्ना अनुभव, अपेक्षा र निराशामार्फत त्यही परीक्षाको नतिजा लेखिरहेका छन्। ( झा नेपाल पत्रकार महासंघ रौतहटका पुर्व अध्यक्ष हुन ।)


### अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔँ ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# वन, वन्यजन्तु र जलाधार व्यवस्थापनमा ठुलो चुनौती सरोकारवाला

ललितपुर। वन, वन्यजन्तु, वातावरण तथा जलाधार व्यवस्थापनमा ठुलो चुनौती सरोकारवालाले बताएका छन् । वन प्राविधिक सङ्घ बागमती प्रदेश को आयोजनामा वन, वन्यजन्तु, वातावरण तथा जलाधार व्यवस्थापन सम्बन्धी गोष्ठीमा सरोकारवालाहरूले वन, वन्यजन्तु, वातावरण तथा जलाधार व्यवस्थापनमा सरकारले तदारुकता नदेखाउँदा अझ समस्या आएको बताएका हुन् ।

गोष्ठीलाई सम्बोधन गर्दै बागमती प्रदेशका वन तथा वातावरण मन्त्री भरत के.सीले वन संरक्षण, जैविक विविधताको संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वातावरणीय सन्तुलन कायम राख्ने उपाय तथा जलाधार व्यवस्थापनमा चासो नदिने हो भने हाम्रो जैविकता सङ्कटमा पर्ने बताउनुभएको थियो । सो क्रममा उहाँले वन क्षेत्रसँग सम्बन्धित नीति, योजना तथा कार्यान्वयनका चुनौती र सम्भावनाबारे सरोकारवालाहरूसँग गहन छलफल गरी विकर्षमा पुग्नु पर्ने समेत बताउनुभएको थियो ।

गोष्ठीलाई सम्बोधन गर्दै बागमती प्रदेशका वन तथा वातावरण मन्त्री भरत के.सीले वन संरक्षण, जैविक विविधताको संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वातावरणीय सन्तुलन कायम राख्ने उपाय तथा जलाधार व्यवस्थापनमा चासो नदिने हो भने हाम्रो जैविकता सङ्कटमा पर्ने बताउनुभएको थियो। वन क्षेत्रसँग सम्बन्धित नीति, योजना तथा कार्यान्वयनका चुनौती र सम्भावनाबारे सरोकारवालाहरूसँग गहन छलफल गरी निकर्षमा पुग्नु पर्ने समेत बताउनुभएको थियो ।

यस्तै कार्यक्रममा वन नीति तथा प्रशासनको आगामी दिशा, प्रदेशमा जलाधार व्यवस्थापन, मानव वन्यजन्तु दोन्द र बाँदर व्यवस्थापन र दिगो वन व्यवस्थापन अन्तर प्रदेश सिकाई अनुभव विषयक प्यानल डिस्कसन समेत भएको थियो ।

पहिलो प्यानल डिस्कसन वन नीति तथा प्रशासनको आगामी दिशा विषयक शीर्षकमा नेपाल सरकारका पूर्व सचिव डा. विश्वनाथ ओलीले सभापतित्वमा वन तथा वातावरण मन्त्रालयका सहसचिव नवराज पुडासैनीले हाल वन नीति तथा प्रशासनको अवस्था र आगामी दिशाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँको कार्यपत्र प्रस्तुति पश्चात् उहाँले पेस गर्नुभएको कार्यपत्र तथा सहभागीहरूको प्रश्नको जवाफ दिँदै कोसी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव सचिव डा. इन्द्र प्रसाद सापकोटा, वन तथा वातावरण विज्ञ डा. सिन्धु प्रसाद ढुङ्गाना, नेपाल वन प्राविधिक सङ्घका अध्यक्ष राकेश कर्ण, र रेड कार्यान्वयन केन्द्रका उप सचिव शोभा सुवेदीले प्यानल डिस्कसन मार्फत यसको विस्तृत विषयमा जानकारी दिनुभएको थियो। उक्त प्यानल डिस्क सनको मोडियटरका रूपमा डिभिजन वन अधिकृत नुवाकोटका प्रदीप नाथ शर्माले गर्नुभएको थियो । प्यान डिस्क सनमा वन नीति तथा प्रशासनको कार्यदिशा कता जानु पर्ने अहिलेको अवस्था के छ हुनु पर्ने के हो भई रहेको के छ भन्ने जस्ता विषयमा छलफल भएको थियो ।

यस्तै अर्को सेसनको रूपमा रहेको प्रदेशमा जलाधार व्यवस्थापनका विषयमा चियर पर्सनका रूपमा नेपाल सरकारका पूर्व सचिव डा प्रेम नारायण कँडेल रहनु भएको थियो भने उक्त सेसनमा वन तथा भू संरक्षण विभागका पूर्व महानिर्देशक बद्री राज ढुङ्गानाले आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँको कार्यपत्र प्रस्तुति पश्चात् प्यानल डिस्क सनमा वन तथा वातावरण मन्त्रालयका सह सचिव गणेश पौडेल, वन अनुसन्धान तथा तालिम केन्द्र गोदावरीका निर्देशक नीराजन श्रेष्ठ, भू तथा जलाधार संरक्षण विभागमा पूर्व महानिर्देशक विजयराज पौडेल र मरिन परियोजना सिन्धुलीका टिम लिडर स्मृत रेग्मीले आफ्नो धारण राख्नु भएको थियो । वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत सञ्जीव सुवेदीले होस्ट गर्नु भएको उक्त प्यानल डिस्क सनमा बागमती प्रदेश लगायत अन्य प्रदेशहरूमा जलाधार व्यवस्थापनमा के कस्तो कार्य भएको छ उक्त कार्यको प्रतिफल र आगामी दिनमा हाल भएका कार्यले जलाधार क्षेत्रमा के कस्तो परिवर्तन वा हानी पुऱ्याउन सक्छ भन्ने विषयमा छलफल भएको थियो ।

यस्तै मानव वन्य जन्तु दोन्द तथा बाँदर व्यवस्थापन विषयक सेसनमा चियर पर्सनका रूपमा नेपाल सरकारका पूर्व सचिव डा कृष्ण प्रसाद आचार्य रहनु भएको थियो भने प्राध्यापक डाक्टर हरि प्रसाद शर्माले वन्यजन्तु र मानिसको दोन्द तथा बाँदर व्यवस्थापन विषयमा आफ्नो प्रस्तुति राख्नु भएको थियो। उहाँको प्रस्तुति पश्चात् प्यानल डिस्क सनमा राजीव कुमार झा उप महानिर्देशक वन तथा भू संरक्षण विभाग, हरभद्र आचार्य वरिष्ठ इकोलोजिस्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, पुष्पराज बतौला डिभिजन वन अधिकृत काठमाडौं, सुष्मा राना प्रमुख संरक्षण अधिकृत सगरमाथा राष्ट्रिय निकुञ्ज र बाँदर पीडित किसान तिल प्रसाद लम्सालको सहभागिता रहेको थियो । उहाँहरूलाई होस्ट भने संयोग बस्नेत डिभिजन वन अधिकृत ललितपुरले गर्नुभएको थियो । उक्त सेसनमा नेपालमा हाल वन्यजन्तु र मानिसका बिचमा भएका दोन्द यसबाट परेको असर र आगामी दिनमा पर्न सक्ने सम्भावित प्रभाव र बाँदर बँदेल दुम्सीबाट हुने गरेको नोक्सान किन दिन प्रतिदिन बढ्दो रहेको छ भन्ने विषयमा भएको थियो । जङ्गली जनावरमा पनि हाल सडक देखि सदन सम्म तातेको विषय बाँदर व्यवस्थापन विगत १० वर्ष यता अझ जटिल कसरी हुँदै गयो र कृषि बालिमा बाँदरको आक्रमण किन बढ्दो भन्ने विषयमा गहन छलफल भएको थियो । यस्तै आगामी दिनमा बाँदर व्यवस्थापनमा नेपालका तीनै तहका सरकारले के कस्तो कदम चाल्दा उपयुक्त होला भन्ने विषयमा गहन छलफल भएको थियो ।

यस्तै कार्यक्रमको अन्तिम सेसनका रूपमा रहेको दिगो वन व्यवस्थापन अन्तर प्रदेश सिकाइ अनुभव सेसनको चियर पर्सनका रूपमा डा राजेश राई त्रिभुवन विश्वविद्यालय रहनु भएको थियो भने उक्त सेसनमा वन निर्देशना लयका महानिर्देशक ईश्वरी प्रसाद पौडेल र विजयराज सुवेदी वरिष्ठ डिभिजन वन अधिकृत बर्दिया लुम्बिनी प्रदेशले गर्नुभएको थियो । उहाँहरूको प्रस्तुति पश्चात् विद्या नाथ झा बागमती प्रदेश वन निर्देशक, वन तथा वातावरण विज्ञ शम्भु दंगाल, मरिन सिन्धुलीका डिभिजन वन अधिकृत कृष्ण राज न्यौपाने फेकोफन बागमती प्रदेशका अध्यक्ष विनोद सापकोटा, भर्इस्तु का उपमहासचिव रोजित बस्तिले प्यानल डिस्कसन मार्फत उहाँहरूले प्रस्तुत गर्नुभएको कार्यपत्र माथि छलफल गर्नुभएको थियो। उक्त प्यानल डिस्क सनको मोडियटरका रूपमा भक्तपुरकी डिभिजन वन अधिकृत श्रद्धा सिग्देलले गर्नुभएको थियो भने उक्त डिस्क सनमा दिगो वन व्यवस्थापनमा हामी कहाँ चुकेका छौं वनलाई अब उद्योगमा कसरी लैजान सकिन्छ र यसका चुनौती र समाधानका उपाएका विषयमा वृहत् छलफल भएको थियो ।

नेपाल वन प्राविधिक सङ्घ बागमती प्रदेशका अध्यक्ष उत्तम चापागाईंको अध्यक्षतामा भएको उक्त कार्यक्रममा वन तथा वातावरण मन्त्रालय बागमती प्रदेशका मन्त्री भरत बहादुर के.सी प्रमुख अतिथि रहनुभएको थियो भने प्रदेश सचिव डा केदार बराल, लगायत देश भरका वन सँग सम्बन्धित मन्त्रालयहरूका प्रतिनिधिहरूको उपस्थिति रहेका थियो। नेपालमा वन तथा वातावरण क्षेत्रका विषयमा गहन छलफलको आवश्यकता महसुस भएका कारण उक्त कार्यक्रम आयोजना गरिएको नेपाल वन प्राविधिक सङ्घले जनाएको छ। कार्यक्रममा वक्ताहरूले जलवायु परिवर्तनका कारण वन, वन्यजन्तु र जलस्रोतमा परेको प्रभावबारे चर्चा गर्दै संरक्षण र व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय आवश्यक रहेको बताएका थिए । वन क्षेत्रको दिगो व्यवस्थापन, समुदायको सहभागिता तथा वातावरण संरक्षणलाई थप प्रभावकारी बनाउन सुझावसमेत प्रस्तुत गरिएको थियो ।

# दूधमा आत्मनिर्भर बन्दै बागलुङ

बलेवा (बागलुङ)। दश वर्षपहिले मलेसियाको रोजगारीबाट फर्किनुभएका बागलुङ नगरपालिका-१२ लिलाधर शर्मा अहिले गाउँमा गाई फार्म सञ्चालन गर्दै आउनुभएको छ। स्वदेशै मेहनत गर्दा मनग्य आम्दानी गर्न सकिन्छ लागेर सुरु गर्नुभएको व्यवसायले उहाँलाई व्यावसायिक दूध उत्पादक किसान बनाएको छ।

शर्माको फार्ममा अहिले २५ वटा माउ गाई छन् भने केही साना बाच्छा र भैंसी पनि छन्। उहाँले गाउँमा दूध उत्पादन गरेर बागलुङ बजारमा बिक्री केन्द्र पनि सञ्चालन गर्नुभएको छ । चार वर्ष साउदीअरेबिया बसेर फर्किनुभएका जैमिनी नगरपालिका नगरपालिका-१ कुश्मीशेराका विकास पौडेलको गोठ पनि दुधालु गाईले भरिभराउ छ । व्यावसायिक दूध उत्पादक किसान बन्नुभएका उहाँको दम्पतीलाई अहिले दूधको उत्पादन र बिक्रीमा भ्याइनभ्याइ छ।

पौडेल र शर्मा मात्रै होइन पछिल्लो समय विदेशका दुःख सम्झेर गाउँ फर्किने र विदेश जान नचाहने युवाहरू व्यावसायिक कृषि उत्पादनमा लाग्न थालेका छन्। विदेश जानुभन्दा स्वदेशमा बसेर आम्दानी गर्न सकिन्छ भनेर बागलुङका किसान व्यवसायिक पशुपालनमा लाग्न थालेका हुन् । गाईभैंसी पाल्ने किसानलाई स्थानीय, प्रदेश र सङ्घीय सरकारबाट अनुदान, उपचार र प्राविधिक सहयोग उपलब्ध हुन थालेपछि किसान थप हौसिएका छन् ।

बागलुङमा वार्षिक २३ हजार १५७ मेट्रिक टन दूध उत्पादन हुने गरेको जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले जनाएको छ। व्यावसायिक किसानको सङ्ख्या बढेसँगै बागलुङ दूध उत्पादनमा आत्मनिर्भर बनेको केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । व्यावसायिक किसानलाई स्थानीय सरकारले सहयोग गर्ने र सङ्घीय तथा प्रदेश सरकारका किसान लक्षित कार्यक्रम किसानसँगै पुग्ने भएकाले दूधको उत्पादन पनि बढेको प्रमुख सापकोटाले बताउनुभयो । आवश्यकता भन्दा बढी उत्पादन भइरहेको दूध छिमेकी जिल्लामा निर्यात हुने गरेको केन्द्रले जनाएको छ ।

जिल्लाको दक्षिण क्षेत्रबाट छिमेकी जिल्ला पर्वत र पश्चिम क्षेत्रबाट छिमेकी गुल्मीमा दूध निर्यात हुने गरेको तथ्याङ्क रहेको प्रमुख डा सापकोटाले बताउनुभयो । केही वर्ष पहिलासम्म पोखराबाट दूध ल्याएर बिक्री गर्दै आएका व्यापारी अहिले भने किसानको घरबाट सिधै खरिद गरी डेरी पसलमा ल्याउने गरेका छन् ।

जिल्लामा १५ वटा सहकारीबाट दूध बिक्री हुँदै आएको छ। यहाँका किसानले व्यक्तिगत, समूहगत र सहकारीमार्फत गाई, भैंसीपालन गरी दूध उत्पादन गर्दै आएका जिल्ला दुग्ध सहकारी सङ्घका अध्यक्ष दीपक गौतमले बताउनुभयो । बजारमा स्थानीय उत्पादनले पर्याप्त हुने गरेको उहाँको भनाइ छ । जिल्लाभर ८६ हजार ९२० भैंसी र २१ हजार ६६० गाईपालन भइरहेको केन्द्रका प्रमुख डा सापकोटाले जानकारी दिनुभयो । व्यावसायिक र घरायसी प्रयोजनलाई पालिएका पशुचौपायको समेत तथ्याङ्क निकालेर केन्द्रले दूधको उत्पादनको मूल्याङ्कन गर्दै आएको उहाँले बताउनुभयो । केन्द्रका प्रमुख डा सापकोटाका अनुसार यहाँ मुर्रा, स्थानीय क्रस, जर्सी, होलस्टेन जातका गाईपालन हुँदै आएको छ। ग्रामीण भेगसम्म सडकको सहज पहुँच, यातायात को सुविधा, उचित मूल्य, स्थानीय तहको उत्पादनमा आधारित अनुदान, घाँस तथा परालको उपलब्धतालगायत कारणले किसानलाई पशुपालनमा व्यावसायिक बनाउन सहयोग पुगेको किसान विकास पौडेलले बताउनुभयो । उहाँका अनुसार हाल बजारमा दूधको मूल्य थोकमा रु ७० देखि रु ९० तथा खुद्रा रु एक सयदेखि रु १२० सम्ममा बिक्री हुँदै आएको छ ।

# पाँच करोड ५१ लाखको लागतमा भवन निर्माण हुँदै

मान्म (कालीकोट) कालीकोटको महावै गाउँपालिकाले प्रशासकीय भवन निर्माण शिलान्यास गरेको छ । शनिबार महावै-७ कोटखौलमा प्रमुख प्रकासकीय भवन निर्माणको शिलान्यास गरिएको हो ।

लामो समयदेखि अस्थायी भाडाको घरबाट सेवा प्रवाह गर्दै आएको गाउँपालिकाले सुविधासम्पन्न प्रशासकीय संरचना निर्माणको प्रक्रियालाई तीव्रता दिएको छ। नयाँ भवन ३२ कोठासहित साढे दुई तलाको हुने गाउँपालिकाका इन्जिनियर प्रकाश शाहीले जानकारी दिनुभयो ।

"भवन निर्माणका लागि रु पाँच करोड ५१ लाख ८४ हजार लागत लाग्नेगरी निर्माण कम्पनीसँग गत वैशाख १५ गते ठेक्का सम्झौता गरी कार्यक्षेत्रमा काम सुरु भइसकेको छ ।

सम्झौताअनुसार विसं २०८४ असार १५ गतेभित्र भवन निर्माणसम्पन्न गरी गाउँपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ," उहाँले भन्नुभयो। इन्जिनियर शाहीका अनुसार सङ्घीय र स्थानीय सरकारको संयुक्त साझेदारीमा भवन निर्माण हुन लागेको हो । सङ्घीय सरकारअन्तर्गतको स्थानीय पूर्वाधार विकास विभागको ६० प्रतिशत र महावै गाउँपालिकाको ४० प्रतिशत लगानी रहने उहाँले जानकारी दिनुभयो ।

प्रशासकीय भवन निर्माण भएसँगै गाउँपालिकाबाट प्रवाह हुने सेवा थप व्यवस्थित, प्रभावकारी तथा सेवाग्राहीमैत्री बन्ने गाउँपालिकाका अध्यक्ष खेमबहादुर सिंह विश्वास व्यक्त गर्नुभयो। "भवन तोकिएको समयभित्रै उच्च गुणस्तरको निर्माण हुनेछ", उहाँले भन्नुभयो, "आफ्नै प्रशासकीय भवनको निर्माणले गाउँपालिकाको संस्थागत विकास र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हुनेछ ।" भवन सम्पन्न भएपछि यहाँका नागरिकले एकै स्थानबाट झन्झटरहित स्थानीय सरकारको सेवा पाउने गाउँपालिकाका उपाध्यक्ष दानसिंह सेजुवालले बताउनुभयो । उहाँले विगतमा आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या हुँदै आएकामा अब सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

# अविरल जनसाहित्य यात्रा

काठमाडौं। जननेता मदन भण्डारीको ७५ औं जन्मजयन्तीका सन्दर्भमा राष्ट्रिय जनसाहित्यिक सङ्घको 'अविरल जनसाहित्य यात्रा-११०' मा कवि होमशङ्कर बास्तोलाका एक दर्जन कविता प्रस्तुत भएका छन् ।

कवि बास्तोलाले 'त्रिशूलीमा गिटी कुट्नेहरू', 'घाम', 'सालिक' 'नदेख अपूरा सपना', 'ओडारे माइलाका भोका सपनाहरू' शीर्षकका गद्यकविता र एउटा गजल गरी छओटा अत्यन्त सुन्दर, सशक्त र रूपान्तरणका पक्षका कविता वाचन गर्नुभयो ।

उहाँका अन्य कविताहरु सहयोगी कविहरुले वाचन गर्नुभयो । कवि डा.नवराज रिजालले 'विश्वास भत्केको वेलामा' शीर्षकको, कवि गणेशकुमार मिश्रले 'कैशाङ र तीनपाने' शीर्षकको, कवि त्रिलोचन आचार्यले 'के दोष थियो सिंहदरबारको !'

शीर्षकको, कवि विकल त्यागीले 'गजल', कवि बोधराज पौडेलले 'तमसुक' शीर्षकको र रोजु गौतमले 'गजल' त्यत्तिकै सुन्दर, सशक्त कविताहरू र गजल वाचन गर्नुभएको थियो ।

वाचित कवितामाथि टिप्पणी गर्दै समालोचक आरएम डङ्गोलले बास्तोला कवितामा गाउँ र सहरको तुलना गरिएको छ। हार्दिकतामा गाउँ अगाडि रहेको निष्कर्ष निकालिएको छ बताउनुभयो ।

बास्तोलाका 'आँसुका झरनाहरू' कथासङ्ग्रह २०५८, 'घाम हराएको दिन' गजलसङ्ग्रह २०६१, 'बन्दुकको छायाँ' कथासङ्ग्रह २०६७, 'हिमाल-पहाडका कथा' सङ्कलित कथासङ्ग्रह २०७१, 'भोका सपनाहरू' कवितासङ्ग्रह २०७८ र 'रगतको मूल्य' कथासङ्ग्रह २०८२ जस्ता कृति प्रकाशित छन् ।

कार्यक्रममा कवि खेमराज निरौलाले मदन भण्डारीप्रति समर्पित कविता वाचन गर्नुभएको थियो भने नमूना शर्माले मदन भण्डारीद्वारा लिखित गीत गाउनुभएको थियो ।

यसैगरी, प्रा डा हेमनाथ पौडेलले मदन भण्डारीप्रति समर्पित कविता वाचन गर्नुभएको थियो भने प्रा डा बद्रीविशाल पोखरेलले मदन भण्डारीको व्यक्तित्व र योगदानको चर्चा गर्नुभएको थियो ।

# पहिरोले मेची राजमार्गको राजदुवाली खण्ड अवरुद्ध

फिक्कल । वर्षासँगै आएको पहिरोका कारण मेची राजमार्गअन्तर्गत इलामको गोलाखर्क-राजदुवाली सडकखण्ड अवरुद्ध भएको छ। इलाम नगरपालिका-९ स्थित माईखोलामा सडकमाथिबाट लेदोसहित पहिरो झरेपछि सडक अवरुद्ध भएको हो ।

लेदोसहितको पहिरो माथिबाट झरेपछि सडक अवरुद्ध भएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले जानकारी दिनुभयो । सधैँ जोखिमयुक्त रहेको सो सडकमा लेदोसहित पहिरो झर्ने र सवारी आवागमन बन्द हुने समस्या यसअघि पनि रहँदै आएको उहाँले बताउनुभयो। सडक अवरुद्ध भएपछि साना सवारीसाधनका लागि एकतर्फी रूपमा आवतजावत गर्नसक्ने गरी पहिरो पन्छाउने प्रसाय भइरहेको प्रजिअ ढकालले बताउनुभयो । लगातार लेदो सडकमा झरिरहेकाले ठुला सवारीसाधनका सञ्चालनमा ल्याउन भने केही समय लाग्ने उहाँले उल्लेख गर्नुभयो ।

## जनसम्बन्ध सुदृढ गर्न आत्ममन्थन आवश्यक छ : पूर्वराष्ट्रपति भण्डारी

काठमाडौँ। पूर्वराष्ट्रपति विद्या भण्डारीले समयानुकूल नीति, कार्यशैली र सङ्गठनात्मक अभ्यास परिष्कृत गर्दै कम्युनिष्ट आन्दोलनलाई सुदृढ बनाएर लैजानुपर्ने बताउनुभएको छ।

जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्तीका अवसरमा आइतबार आयोजित 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठी तथा 'मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण समारोह' मा उहाँले कम्युनिष्ट आन्दोलन नयाँ अवसर र चुनौतीको सङ्घारमा उभिएको धारणा राख्नुभयो।

कुनै एउटा निर्वाचनको परिणामका आधारमा जनताको बहुदलीय जनवादको सान्दर्भिकता वा कम्युनिष्ट आन्दोलनको भविष्यबारे हतारमा निष्कर्ष निकाल्नु उचित नभएको उहाँको भनाइ छ। उहाँले जनसम्बन्धलाई सुदृढ गर्दै समीक्षा र आत्ममन्थन आवश्यक रहेको बताउनुभयो। "रूपान्तरण हुँदै गरेको सामाजिक संरचना, प्रविधिको तीव्र विकास, युवापुस्तामा नयाँ आकाङ्क्षा तथा विश्वव्यापी परिवर्तनका सन्दर्भमा कम्युनिष्ट आन्दोलनले आफ्ना मूल आदर्श बनाउनुपर्छ", पूर्वराष्ट्रपति भण्डारीले भन्नुभयो, "समय अनुकूल नीति, कार्यशैली र सङ्गठनात्मक अभ्यासलाई निरन्तर परिष्कृत गर्नुपर्ने आवश्यक छ।"

जनविश्वास पुन:आर्जन गर्ने आधार सिद्धान्तको यान्त्रिक पुनरावृत्ति मात्र नभई समयानुकूल उत्तरदायी र परिणाममुखी राजनीतिक अभ्यासको विकासमा नीहित हुनुपर्ने उहाँको कथन छ।

जनताको हित विपरित कमजोरी गरेका छैनौँ: अध्यक्ष ओली

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देश र जनताको हितविपरीत गएर आफूहरूले गल्ती कमजोरी नगरेको बताउनुभयो। उहाँले जनतामा अनावश्यक भ्रम छरिएको टिप्पणी गर्नुभयो।

अध्यक्ष ओली भन्नुभयो, "हामीले गलत काम गरेर, देशकाविरुद्ध काम गरेर विकासका काम गर्न नसकेर, अयोग्य भएर जनतामा असन्तुष्टि, बढेको होइन।" आफ्नो पार्टीको नीति तथा कार्यक्रम र सही र समसामयिक भएको उल्लेख गर्दै उहाँले लोकतान्त्रिक र वामपन्थी शक्ति मिल्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यगत एकताका माध्यमबाट अगाडि बढ्नुपर्ने धारणा राख्दै उहाँले राजनीतिक, सामाजिक, आर्थिक, सामाजिक क्षेत्रमा एमालेले सही नीति निर्धारण गरेका दाबी गर्नुभयो।

अध्यक्ष ओलीले जनताको बहुदलीय जनवाद (जबज)लाई समयानुकूल बनाइँदै लैजाने धारणा राख्नुभयो। अध्यक्ष ओलीले भन्नुभयो, "समृद्धिसम्म हाम्रो यात्रा हो। हाम्रो यात्रा समृद्ध नेपाल सुखी नेपालीसम्मको हो। हाम्रो गन्तव्य ठीक छन्।"

रचनात्मक र शान्तिपूर्ण बाटोबाट अग्रगामी परिवर्तनतर्फ अगाडि बढ्ने र धुलो टकटक्याउँदै उठ्ने उहाँको भनाइ थियो। फाउण्डेशनले वर्ष २०८२ को 'मदन भण्डारी राष्ट्रिय पुरस्कार' लेखक रमेश रुछेन राईको कृति 'श्वेतशार्दूल' लाई प्रदान गरियो। पुरस्कारको राशि रु दुई लाख रहेको छ।

## स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयकले स्वास्थ्य क्षेत्रमा सुधार ल्याउँछ

काठमाडौँ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी विधेयकले प्रतिष्ठानमा देखिएका विकृति र विसङ्गति अन्त्य गर्दै स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन ल्याउने बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा स्वास्थ्यमन्त्री मेहताले प्रस्तुत गर्नुभएको 'स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको सामान्य छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले विधेयकले स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिको नियुक्तिलाई पारदर्शी बनाउने बताउनुभयो। उक्त प्रस्तावसभाको बहुमतबाट स्वीकृत भएको छ। सो प्रस्तावमाथिको छलफलमा सांसद अभिषेकप्रताप शाह, पारशमणि गेलाल, विश्वराज पोखरेल, आरेन राई, समीक्षा बास्कोटा, अशोककुमार चौधरी, साजिदा खातुन सिद्धिकी, भाग लिँदै स्वास्थ्य क्षेत्रलाई जनमुखी बनाउन विधेयक केन्द्रित रहेको बताउनुभयो।

शोक प्रस्ताव पारित

बैठकले प्रतिनिधिसभाका पूर्वसदस्य राजेन्द्र खरेलको निधनमा शोक प्रस्ताव पारित गरेको छ। उहाँ नेपाली कांग्रेसतर्फबाट २०५६ को आमनिर्वाचनमा काभ्रेपलाञ्चोक निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित हुनुभएको थियो। पूर्वशिक्षा राज्यमन्त्री र महिला, बालबालिका तथा समाजकल्याणमन्त्री खरेलको ८० वर्षको उमेरमा यही असार ७ गते उपचारका क्रममा निधन भएको थियो। प्रतिनिधिसभाको अर्को बैठक यही असार १८ गते बिहान ११ बजे बस्नेछ।

## कालोसिसा प्रयोग गर्ने ५७ सवारीचालक कारबाहीमा

काठमाडौँ। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले कालोसिसा (ब्ल्याक फिल्म) प्रयोग गरेर सञ्चालन गरिएका ५७ वटा सवारीचालकमाथि कारबाही सहित जरिबाना गरेको छ। आइतबार उपत्यकाका विभिन्न स्थानमा सञ्चालन गरिएको विशेष ट्राफिक जाँचका क्रममा कालोसिसा प्रयोग गरेका ती सवारीसाधन चालकलाई जरिबानासहित कारबाही गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले जानकारी दिनुभयो।

कार्यालयका प्रमुख काफ्लेका अनुसार कानुनविपरीत सवारीसाधनमा कालोसिसा प्रयोग गर्न नपाइने व्यवस्था रहेकाले नियम उल्लङ्घन गर्ने सवारीमाथि निगरानी बढाइएको हो। "कानुनविपरीत गाडीमा कालोसिसा प्रयोग गर्न पाइँदैन। आइतबार मात्र ५७ वटा सवारीसाधनलाई कारबाहीसहित जरिबाना गरेका छौँ", एसएसपी काफ्लेले भन्नुभयो। पछिल्लो समय निजी तथा सार्वजनिक सवारीसाधन, विशेषगरी माइक्रोबस र ट्याक्सीमा कालोसिसाको प्रयोग बढ्दै गएपछि ट्राफिक प्रहरीले त्यसविरुद्ध विशेष अभियान सञ्चालन गरेको जनाएको छ।

प्रहरीका अनुसार कालोसिसाको प्रयोगले सवारीभित्र हुने गतिविधि बाहिरबाट देख्न कठिन हुने भएकाले साना हतियार, लागुऔषध, सुन तथा अवैध मुद्राको ओसारपसार, फरार अपराधीको आवतजावत तथा विभिन्न आपराधिक गतिविधि लुकाउन सहज हुने गरेको पाइएको छ।

ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ अनुसार सम्बन्धित निकायको स्वीकृतिबिना सवारीसाधनको रङ, सिट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुनेगरी कुनै पनि प्रकारको हेरफेर गर्न नपाइने व्यवस्था रहेको जनाएको छ। ट्राफिक प्रहरीले कानुनविपरीत कालोसिसा प्रयोग गर्ने सवारीसाधनमाथि आगामी दिनमा पनि निगरानी र कारबाहीलाई निरन्तरता दिने जनाएको छ।

## कम्युनिष्ट शक्तिबीच सहकार्य जरुरी छः संयोजक दाहाल

काठमाडौँ। नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय स्वाधीनताको रक्षा र जनअधिकारको सम्वर्द्धनका लागि वामपन्थी शक्तिहरुबीच सहकार्य जरुरी भएको बताउनुभएको छ।

जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्तीका अवसरमा 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयमा आइतबार आयोजित विचार गोष्ठी तथा 'मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण समारोह' मा उहाँले परिवर्तित सन्दर्भमा कम्युनिष्ट शक्तिबीच सहकार्य आवश्यक भएको बताउनुभयो। संवैधानिक अधिकार रक्षाका निम्ति सबै राजनीतिक वामशक्तिबीच साझेदारी अपरिहार्य भएको उहाँको भनाइ थियो। 'चाँडोभन्दा चाँडो समान विचार भएका दल एकताबद्ध हुन जरुरी छ,' उहाँले भन्नुभयो।

विगतका कमीकमजोरीको समीक्षा गर्न आफू तयार रहेको उल्लेख गर्दै संयोजक दाहालले राष्ट्रका सामु उत्पन्न चुनौतीको सबै नेता तथा कार्यकर्ताले मिलेर सामना गर्नुपर्ने बताउनुभयो। लोकतान्त्रिक शक्तिसँग सहकार्य गर्न आफू तत्पर रहेको संयोजक दाहालले बताउनुभयो। यस्तो सहकार्य शीघ्र हुनुपर्नेमा उहाँको जोड थियो। नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधव कुमार नेपालले कम्युनिष्ट एकतालाई बलियो बनाउनुपर्नेमा जोड दिँदै युवापुस्ताको काँधमा ठूलो जिम्मेवारी आएको बताउनुभयो। सो क्रममा उहाँले देश र जनताको हितलाई केन्द्रमा राखेर कम्युनिष्ट शक्ति अगाडि बढ्नुपर्छ भन्नुभयो।

कम्युनिष्ट पार्टीहरूले आत्ममूल्याङ्कन गर्न ढिलो भएको धारणा व्यक्त गर्दै नेता नेपालले एकता नै बल हो भन्ने वास्तविकता बिर्सन नहुने बताउनुभयो।

नेपाली कम्युनिष्ट पार्टीका नेता झलनाथ खनालले कम्युनिष्ट पार्टीहरुबीच एकताको विकल्प नभएको बताउनुभयो। उहाँले एकताको प्रक्रिया प्रारम्भ गर्नुपर्नेमा जोड दिनुभयो।

## जुवातास खेलिरहेका अवस्थामा २१ जना पक्राउ

काठमाडौँ। नेपाल प्रहरीले जुवातास खेलिरहेका अवस्थामा विभिन्न स्थानबाट २१ जनालाई पक्राउ गरेको छ।

काठमाडौँ महानगरपालिका-१३ सोल्टीमोडमा डेरागरी बस्ने सिन्धुपाल्चोकका दिनेश लामाको कोठामा जुवातास खेलिरहेको अवस्थामा १० जनालाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको हो। प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार जिल्ला प्रहरी परिसर काठमाडौँ समेतबाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु दुई लाख २३ हजार पाँच र २२ बुक താससहित पक्राउ गरेको हो। यस्तै, चितवन, भरतपुर महानगरपालिका-३ पुलचोकमा जुवातास खेलिरहेका अवस्थामा ११ जनालाई पक्राउ गरिएको छ। वडा प्रहरी कार्यालय नारायणगढबाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु ८० हजार ४६५ र चार बुक तासहित पक्राउ गरेको हो। सो सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## मनसुन क्रमशः सक्रिय हुँदै, असार १६ र १७ गते केही स्थानमा मुसलधारे वर्षा हुने

काठमाडौँ। मुलुकमा मनसुन क्रमश: सक्रिय हुँदै गएको जनाउँदै जल तथा मौसम पूर्वानुमान महाशाखाले आगामी असार १६ र १७ गते देशका अधिकांश भागमा मुसलधारे वर्षा हुने बताएको छ।

महाशाखाले आइतबार साँझ विशेष मौसम बुलेटिन जारी गर्दै मधेस, कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई क्षेत्रका केही स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षा तथा एकदुई स्थानमा धेरै भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ। देशका पहाडी तथा तराई क्षेत्रका धेरै र हिमाली क्षेत्रका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ। महाशाखाका अनुसार बङ्गालको खाडीमा विकसित न्यून चापीय प्रणालीका कारण नेपालतर्फ जलवाष्पयुक्त हावाको प्रवाह क्रमश: बढ्ने भएकाले मनसुन देशका बाँकी क्षेत्रमा पनि फैलिने सम्भावना छ।

सम्भावित वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्र्यान बहावको जोखिम बढ्न सक्ने, सहरी तथा तराई क्षेत्रमा डुबान हुन सक्ने, ठूलासाना नदीखोलामा पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

महाशाखाले दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी आसपास निर्माण तथा सडक र हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले सर्वसाधारण तथा सम्बन्धित निकायलाई आवश्यक पूर्वतयारी गर्न आग्रह गरेको छ।

## सहकारी (पहिलो संशोधन) विधेयक स्वीकृत

काठमाडौँ। प्रतिनिसिभाको आइतबारको दोस्रो बैठकमा 'सहकारी (पहिलो संशोधन) विधेयक, २०८३' लाई विचार गरियोस् भन्ने बहुमतले स्वीकृत भएको छ।

अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको सो विधेयकमाथिको सैद्धान्तिक छलफलपछि निर्णयार्थ पेस गर्दा स्वीकृत भएको हो।

सो विधेयकमाथि संशोधन गर्न चाहने सांसदका लागि सङ्घीय संसद्को विधेयक शाखामा प्रस्ताव पेस गर्न आग्रह गरिएको छ। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

छलफलमा उठेका प्रश्नमाथि जवाफ दिँदै मन्त्री रावलले सहकारी क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउँदै सहकारीबाट पीडितको रकम फिर्ता गराउन विधेयक ल्याइएको बताउनुभयो।

उहाँले सहकारी समस्यालाई वास्तविक रूपमै समाधान गर्न सरकार कटिबद्ध भएको बताउँदै विगतकै सरकारको योजनाअनुसार चक्रीय राहत कोष खडा गरिएको जानकारी दिनुभयो। छलफलमा सांसदहरू नरेन्द्रकुमार केरूङ, अशोककुमार चौधरी, समीक्षा बास्कोटा, बासना थापा, गङ्गालक्ष्मी अवाल, खड्क बहादुर शाही, हरिमोहन भण्डारी, गणेशबहादुर विश्वकर्मा, वलावती शर्मा, बदनकुमार भण्डारी, साजिदा खातुन सिद्धिकीले भाग लिनुभयो।

सांसदहरूले सहकारीलाई आर्थिक रूपान्तरणको खम्बाका रूपमा स्थापित गर्दै यसलाई व्यवस्थित र पारदर्शी गर्नुपर्ने बताउनुभयो। उहाँहरूले सहकारी ठगीमा परेर दैनिक गुजारामा चल्नुपर्ने व्यक्तिहरू मारमा परिरहेका सन्दर्भमा पीडितहरूलाई राहत र क्षतिपूर्ति दिन कानुनी संशोधन आवश्यक भएकामा जोड दिनुभयो।

सहकारी ठगी गर्ने जोसुकैलाई कानुनी कारबाही गर्न खुट्टा नकमाउन आग्रह गर्दै उहाँहरूले चलिरहेको संसद् स्थगन गराएर अध्यादेशबाट विधेयक ल्याउने प्रवृत्ति अन्त्य गर्न पनि माग गर्नुभयो।

## सर्वोत्कृष्ट उद्यमी पुरस्कृत

गुल्मी। रेसुङ्गा नगरपालिकाले उद्यमशीलता प्रवर्द्धनका लागि सञ्चालन गरेको 'वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम' अन्तर्गत सर्वोत्कृष्ट उद्यमीलाई रु एक लाख पुरस्कारसहित सम्मान गरेको छ।

रेसुङ्गा नगरपालिका-१० सिमीचौरका कृषक विनबहादुर कुँवरलाई नगरपालिकाले सर्वोत्कृष्ट उद्यमी घोषित गर्दै रु एक लाख नगद पुरस्कारबाट सम्मान गरेको हो। दुई दशकभन्दा लामो समयदेखि व्यावसायिक तरकारीखेती गर्दै आउनुभएका कुँवर १३७ जना उद्यमीमध्ये सर्वोत्कृष्ट उद्यमीमा छनोट हुनुभएको हो। कुँवरले हाल ६५ रोपनी क्षेत्रफलमा व्यावसायिक रूपमा तरकारी खेती गर्दै आइरहनुभएको छ। चार चरणको प्रतिस्पर्धात्मक छनोट प्रक्रियाबाट १३७ आवेदकमध्ये नगरपालिकाले उत्कृष्ट १० उद्यमीलाई छनोट गरेको छ। नगरभित्रका विभिन्न क्षेत्रमा उद्यम सञ्चालन गरिरहेका १३७ जना उद्यमीले आवेदन दिएका थिए। आवेदन परेका उद्यमीमध्ये पहिलो चरणबाट उत्कृष्ट ४० जनालाई छनोट गरिएको थियो। त्यसपछि उत्कृष्ट २० जना र त्यसपछि पुनः उत्कृष्ट १० जना उद्यमी छनोट गरिएको थियो। अन्तिम चरणमा उत्कृष्ट १० उद्यमीले आफ्नो व्यावसायिक कार्ययोजना तथा लगानी प्रस्तुती प्रस्तुत गरेका थिए। सोही प्रस्तुतीको मूल्याङ्कनका आधारमा एक जनालाई सर्वोत्कृष्ट उद्यमी छनोट गरिएको नगरपालिकाले जनाएको छ। न्यू रेसुङ्गा जडीबुटी प्रशोधन केन्द्रका झविन्द्रलाल भण्डारी एवं कृष्ण कृषि उत्पादन फार्मका कृष्णबहादुर बस्नेत रहनु भएको दायीत्व संस्थाका कार्यक्रम संयोजक शुलभ नेपालले जानकारी दिनुभयो।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com